# नेपाल पत्रकार महासंघ

## Federation of Nepali Journalists (FNJ)

केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल


मिति : २०७५/९/२४

### प्रेस विज्ञप्ति

समाचारको विषयलाई लिएर बझाङबाट सञ्चालित साइपाल अनलाइनका सम्पादक गणेश विकलाइ प्रहरीले पक्राउ गरेको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

महासंघ बझाङ शाखाका अनुसार स्थानीय प्रहरीको बारेमा समाचार प्रसारण गरेका भन्दै प्रहरीले पुस १९ गते सम्पादक विकलाई पक्राउ गरी साइबर क्राइमसम्बन्धी मुद्दा लगाउन काठमाडौं ल्याएको छ ।

समाचारप्रति गुनासो वा असहमति रहे त्यसको कानुनी उपचारको विकल्प हुँदाहुँदै पत्रकारलाई पक्राउ गरिएको यो घटना स्वतन्त्र प्रेसमाथिको हस्तक्षेप हो । महासंघ पत्रकार पक्राउको कडा भर्त्सना गर्दै पत्रकार विकलाई तत्काल् रिहा गर्न माग गर्दछ ।

**प्रकाश थापा**
**सचिव**


Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-4112763/4112673, Fax: +977-1-4112785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org